# हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

बागमती प्रदेश, नेपाल

**मिति २०८२।०१।२४ गते बसेको ६४ औं कार्यपालिका बैठकका निर्णयहरु:**

१) ६३ औं कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्वन्धमा समिक्षा गरी प्रगतिको बारेमा जानकारी भयो ।

२) आर्थिक वर्ष २०८१/०८२ को मिति २०८२।०१।२३ गतेसम्म कुल अनुमान गरिएको आय तर्फ संघीय सरकारबाट प्राप्त अनुदान, प्रदेश सरकारबाट प्राप्त अनुदान र आन्तरिक श्रोत गरी ६०.२५ प्रतिशत अर्थात रु.१,७१,३८,३६,६५७।०० आम्दानी गरिएको र कुल अनुमान गरिएको व्यय तर्फ ४३.९९ प्रतिशत अर्थात रु.१,२५,१३,६३,६२१।३२ खर्च भएको आय व्ययको विवरण जनाकारी भयो ।

३) प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश, हेटौंडा, मकवानपुरको च.नं. ३९५ मिति २०८१।१२।१४ को पत्रानुसार यस उपमहानगरपालिकाको कार्यालयमा स्थानीय सेवा तर्फ अधिकृत सातौं तह (अप्राविधिक), प्रशासन सेवा, सामान्य प्रशासन समूह, शाखा अधिकृत पदमा नियुक्तिको लागि वैकल्पिक सिफारिस भई आउनु भएका देहाय बमोजिमको कर्मचारीलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १७ को उपदफा (१) बमोजिम मिति २०८२।०१।०३ गते देखि जेष्ठता कायम हुने गरी स्थानीय सेवा तर्फ अधिकृत सातौं तह (अप्राविधिक), प्रशासन सेवा, सामान्य प्रशासन समूह, शाखा अधिकृत पदमा स्थायी नियुक्ति दिई पदस्थापन गर्ने:

देहाय:

| सि.नं. | कर्मचारी नाम | सेवा | समूह | पद/तह | कैफियत |
|---|---|---|---|---|---|
| १ | उद्धव प्रसाद कडेल | प्रशासन | सामान्य प्रशासन | शाखा अधिकृत/ अधिकृत सातौं वा सो सरह | |

४) जिल्ला प्रशासन कार्यालय, मकवानपुरको च.नं. ४०५३, मिति २०८२/०१/०५ गतेको प्राप्त पत्रानुसार जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०८२/०१/०४ गतेको निर्णयानुसार हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र आगामी मनसुनजन्य विपद्लाई मध्यनजर गरी विभिन्न नदी, खोला एवम् खहरेहरुमा रहेका लेदो माटो, ढुङ्गा, तथा अन्य डेब्रिस व्यवस्थापनको लागि Over deposition भएका उक्त नदीजन्य पदार्थहरु Chaukitol Suspension Bridge Ward No.1 (Part 1), Chaukitol Suspension Bridge Ward No.1 (Part 2), Upstream Rapti Bridge (Behind Hetauda Hospital), Downstream Rapti Bridge upto Triveni Dham सहित ४ स्थानको लागि तोकिएको परिमाण हटाउन स्वीकृति प्राप्त भएकोले उक्त स्थानहरुको नदीजन्य पदार्थहरु उत्खनन् गरी तोकिएको स्थानमा भाण्डारण (स्टोर) गर्ने व्यवस्था मिलाई घाटगद्दी गर्नए र प्रचलित कानून बमोजिम राजस्व लिई लिलाम प्रकृया अगाडि बढाउने ।

५) कार्यालयलाई थप आर्थिक दायित्व नपर्ने गरी हेटौंडा उपमहानगरपालिका वडा नं. १० को जग्गा पुनः नापी गर्ने कार्यलाई निरन्तरता दिने ।

६) एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजनाबाट तयार पारिएको हेटौंडा एकीकृत खानेपानी उपआयोजना, दिसाजन्य लेदो पदार्थ प्रशोधन तथा व्यवस्थापन उपआयोजना र ठोस फोहोर पदार्थ व्यवस्थापन उपआयोजनाको विस्तृत इन्जिनियरिङ डिजाइन प्रतिवेदन अनुरुप हुने गरी हेटौंडा उपमहानगरपालिका वडा नं. १, २, ४, ५ र १० एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना सञ्चालन प्रकृया अगाडि बढाउन उक्त आयोजनालाई सिफारिस गर्ने ।

१/२४

सचिन न्यौपाने
(प्रवक्ता)

७) हेटौंडा उपमहानगरपालिकाद्वारा जारी गरिएको अनौपचारिक श्रमिक हित व्यवस्थापन कार्यविधि, २०७७ दफा ३ बमोजिमको समितिमा मनोनय हुनु भएका सदस्यहरुको कार्यकाल सकिएको हुँदा साविकमै गठित समितिमा मनोनयन हुनु भएका सदस्यहरुलाई नै निरन्तरता दिने र यस सम्बन्धि थप कार्य, सहयोग, सहजीकरण तथा अनुगमन गर्नका लागि आर्थिक विकास समितिलाई निर्देशन दिने ।

८) हेटौंडा उपमहानगरपालिका संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०७९ को दफा ४ बमोजिम गठित कार्यदलले पेश गरेको प्रतिवेदन बमोजिम निर्धारण गरिएको "ग" वर्गमा परेका संस्थागत विद्यलयको शुल्क नगर शिक्षा समितिको मिति २०८२/०१/२३ गतेको निर्णयबाट शैक्षिक सत्र २०८२ का लागि स्वीकृत गरी अनुमोदनका लागि पेश भएको संस्थागत विद्यालयको शुल्क स्वीकृत तथा अनुमोदन गरी उपमहानगरपालिकाका संस्थागत विद्यालयहरुलाई जानकारी गराई कार्यान्वयन गर्न लगाउने ।

९) हेटौंडा उपमहानगरपालिका वडा नं. १० मा निर्माणाधिन बसपार्क टर्मिनल भवनको कार्य सम्पन्न गर्नको लागि पूर्वाधार विकास महाशाखाबाट पेश भएको भेरिएसन आदेश सार्वजनिक खरिद ऐन, २०६३, नियमावली, २०६४ र हेटौंडा उपमहानगरपालिका सार्वजनिक खरिद नियमावली, २०८० बमोजिम स्वीकृत गरी कार्यान्वयन गर्ने ।

सविन न्यौपाने
प्रवक्ता
हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिका

मिति २०८२/०१/२६